जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २७६ • २०८३ श्रावण १० गते आईतवार • 26 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेश प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध कानुनी कारबाही

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ९ श्रावण




गुणस्तरहीन तथा मिसावटयुक्त खाद्य पदार्थ उत्पादन र बिक्री गरेको आरोपमा मधेश प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध कानुनी कारबाही अघि बढाइएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा गरिएको अनुगमन तथा प्रयोगशाला परीक्षणका आधारमा सम्बन्धित जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेको हो ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दर्ता गरिएको छ । यस्तै, सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि मुद्दा दर्ता गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको उनले बताए । कार्यालयका अनुसार विभिन्न जिल्लाबाट सङ्कलन गरिएका खाद्य नमुनाको परीक्षण गर्दा स्वास्थ्यका लागि हानिकारक मिसावट, गुणस्तर मापदण्ड उल्लङ्घन तथा म्याद गुज्रिएका खाद्य वस्तुको बिक्री-वितरण भएको पाइएको थियो । सोही आधारमा दोषी उद्योगी-व्यवसायीमाथि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको हो ।

गत आर्थिक वर्षमा मधेश प्रदेशभरबाट कुल ४ हजार ५५९ खाद्य नमुना सङ्कलन गरिएको थियो । तीमध्ये कानुनी प्रावधानअनुसार ५७८ नमुना नियमित अनुगमनबाट, १ हजार २२८ नमुना उत्पादकको आग्रहमा २० नमुना सरकारी निकायबाट प्राप्त भएका थिए भने बाँकी नमुना विभिन्न निरीक्षण तथा परीक्षण कार्यक्रममार्फत सङ्कलन गरिएको कार्यालयले जनाएको छ । परीक्षणका क्रममा ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामाथि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको छ ।

खाद्य सुरक्षासम्बन्धी निगरानीलाई तीव्र बनाउँदै कार्यालयले सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण तथा ३१० वटा स्वच्छता सर्भिलेन्स सम्पन्न गरेको जनाएको छ। उपभोक्तालाई सुरक्षित खाद्य पदार्थ उपलब्ध गराउने उद्देश्यले धनुषा जिल्लामा मात्रै ६० पटक अनुगमन सञ्चालन गरिएको थियो । यस क्रममा २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरिएको कार्यालयले जनाएको छ ।

साथै १२१ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी गरिएको, ३०७ उद्योगको नवीकरण गरिएको तथा ३४७ उद्योगका लागि सिफारिस प्रदान गरिएको छ । यी सेवामार्फत कार्यालयले ३८ लाख ३६ हजार १७० रुपैयाँ राजस्व सङ्कलन गरेको जनाएको छ । अनुगमनका क्रममा कैफियत भेटिएका व्यवसायीमाथि जरिवानासमेत गरिएको छ । गत असार महिनामा धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनमा १२ वटामा कमजोरी भेटिएपछि ४ लाख २० हजार रुपैयाँ जरिवाना गरिएको थियो ।

## मधेश प्रदेशका १० स्थानीय तहमा 'नमूना कृषि कार्यक्रम' सञ्चालन हुने



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ९ श्रावण

मधेश प्रदेशका किसानलाई प्रत्यक्ष रूपमा आधुनिक कृषि प्रविधि, प्राविधिक परामर्श र अनुसन्धानको नतिजा उपलब्ध गराउने उद्देश्यले प्रदेशका १० स्थानीय तहमा 'नमूना कृषि कार्यक्रम' सञ्चालन गरिने भएको छ ।

कृषि, वन तथा वातावरण मन्त्री गीता चौधरीले मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसँगको शिष्टाचार भेट तथा संघ-प्रदेश समन्वयसम्बन्धी उच्चस्तरीय बैठकमा उक्त कार्यक्रमबारे जानकारी दिँदै कार्यान्वयनका लागि कम्तीमा १० वटा पालिका छनोट गर्न आग्रह गरेकी हुन् । मन्त्री चौधरीले कृषि क्षेत्रमा अब नीति निर्माणभन्दा कार्यान्वयनलाई केन्द्रमा राख्नुपर्ने आवश्यकता औंल्याउँदै अनुसन्धानबाट प्राप्त नयाँ प्रविधि र ज्ञानलाई सीधै किसानको खेतसम्म पुर्याउने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गर्न लागिएको बताइन् । उनका अनुसार छनोट हुने पालिकामा कृषि उत्पादन वृद्धि, प्राविधिक सेवा विस्तार, किसान लक्षित तालिम, कृषि परामर्श तथा नयाँ प्रविधिको हस्तान्तरणलाई एकीकृत रूपमा लागू गरिनेछ। यसबाट किसानले आधुनिक खेती प्रणालीबारे प्रत्यक्ष जानकारी प्राप्त गर्ने र उत्पादनमा समेत वृद्धि हुने विश्वास गरिएको छ ।

मन्त्री चौधरीले प्राङ्गारिक (अर्गानिक) खेतीलाई विशेष प्राथमिकतामा राखिएको उल्लेख गर्दै माटोको उर्वराशक्ति संरक्षण, सुरक्षित खाद्य उत्पादन तथा दिगो कृषि प्रणाली विकास सरकारको प्रमुख लक्ष्य रहेको बताइन् । कृषि, वन तथा वातावरण क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, स्रोत-साधनको उचित परिचालन तथा साझा योजनाका आधारमा अघि बढ्नुपर्नेमा उनले जोड दिइन् ।

बैठकमा मन्त्री चौधरीले प्रदेश सरकारबाट प्राप्त सुझाव र आवश्यकतालाई संघीय सरकारले प्राथमिकताका साथ सम्बोधन गर्ने प्रतिबद्धता पनि व्यक्त गरेकी छन् ।

## रक्त अभाव न्यूनीकरणको लागि श्री हरि मानव कल्याण मञ्चको आकस्मिक रक्तदान शिविर




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ९ श्रावण

मधेश प्रदेशमा देखिएको रगत अभाव न्यूनीकरण गर्ने उद्देश्यले श्री हरि मानव कल्याण मञ्चको आयोजनामा हरिशयनी एकादशीको पावन अवसर मा जनकपुरधामको ऐतिहासिक जनक चोकमा आज शनिबार आकस्मिक रक्तदान शिविर सम्पन्न भएको छ । मञ्चका अध्यक्ष तथा पत्रकार दिपक श्रेष्ठ मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेश सभाका सभामुख र ामआशिष यादव प्रमुख अतिथि तथा प्रदेश आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्रका प्रदेश प्रमुख डा. महारुद्र ठाकुर विशिष्ट अतिथिका रूपमा सहभागी थिए। कार्यक्रममा नागरिक अभियन्ता सुरेश प्रसाद रोहिता, जनकपुरधाम उपमहानगर पालिका-१६ का वडा अध्यक्ष रामचन्द्र साह, राष्ट्रिय सरसफाइ अभियान्ता धिरेन्द्र कुमार साह,सामाजिक अभियन्ता दिपू ठाकुर, विभिन्न संघ-संस्थाका प्रतिनिधि, समाजसेवी, युवा तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख

बांकी पृष्ठ ४ मा ।

## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं ।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# बैंकहरुका कारण सर्वसाधारण समस्यामा

अहिले एकातिर असार मसान्तसम्म नेपालका बैंक तथा वित्तीय संस्थामा १५ खर्ब ६० अर्बभन्दा बढी लगानी योग्य रकम (तरलता) थुप्रिएका छन भने अर्कोतिर बैंकिङ प्रक्रियाको झन्झटबाट तर्सिएर लाखौं मानिस वित्तीय स्रोतका लागि मिटरब्याजीको शरणमा पुगेको छ। यो विरोधाभासपूर्ण अवस्था बदल्न राष्ट्र बैंक, वित्तीय संस्था र राज्य संयन्त्र किन लागिरहेका छैनन ? नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले नै गरिब तथा न्यून आय वर्गको आर्थिक अवस्था सुधार्न बैंकहरूले छुट्टै 'प्रडक्ट' ल्याउन नसकेको स्वीकार गरेको छ। त्यसकारण सीमान्तकृत वर्गप्रति राज्य, निजी क्षेत्र र सरोकारवाला निकाय गम्भीर हुने बेला आइसकेको देखिन्छ अन्यथा गरिबी, अन्याय र बेरोजगारी जति बढ्छ, त्यति नै अस्थिरता, अराजकता र पलायन बढ्नेछ भन्ने कुरा संसारभरको अनुभवले सिद्ध गरिसकेको देखिन्छ।

निष्कर्षमा, मिटरब्याज समस्याको मुख्य जरो वित्तीय संस्थाले न्यून आय वर्गसम्म कर्जा प्रवाह नगर्नुको परिणति रहेका छन। बैंकहरूले गरिब, किसान र कागजपत्र जुटाउन नसक्नेलाई विगतमै सहज ऋण प्रवाह गरेको भए आज लाखौं मानिस पैसाका लागि मिटरब्याजीको फन्दामा पर्ने थिएन होला। निमुखा वर्गसम्म वित्तीय पहुँच नपुग्दा नेपालमा आर्थिक असमानता डरलाग्दो गरी झाँगिँदै गएका छन। अर्थतन्त्रको आकार बढेको देखिए पनि सीमित व्यक्ति मात्र धनी भएको देखिन्छ। अहिले पनि सरकारले गरिवमूखि बैंक नीति ल्याउन जरुरी छ।

# नि:शुल्क मोतियाबिन्दु शल्यक्रिया शिविर सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ९ श्रावण**



रौतहटको विश्रामपुर नगरपालिका-२ स्थित नेपाल युवा क्लब (पुस्तकालय) परिसरमा नि:शुल्क मोतियाबिन्दु शल्यक्रिया शिविर सम्पन्न भएको छ।

नेपाल नेत्रज्योति संघ, गौर आँखा अस्पताल तथा नेपाल ब्रह्मर्षि समाज जिल्ला कार्य समिति रौतहटको संयुक्त आयोजनामा शनिबार शिविर सञ्चालन गरिएको हो। शिविरको उद्घाटन मधेश प्रदेश सरकारका पूर्वमन्त्री तथा सर्लाही निर्वाचन क्षेत्र नं. ४ (क) का प्रदेशसभा सदस्य बीरेन्द्र प्रसाद सिंहले गरेका थिए। उद्घाटन समारोहकै अवसरमा उनले वृक्षारोपण गर्दै वातावरण संरक्षणप्रति सबैको साझा दायित्व रहेको सन्देश दिएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशसभा सदस्य सिंहले स्वास्थ्य सेवा र वातावरण संरक्षण दुवै समाजको समृद्धिसँग प्रत्यक्ष जोडिएका विषय भएको उल्लेख गर्दै यस्ता सेवामूलक कार्यक्रमले ग्रामीण क्षेत्रका नागरिकलाई ठूलो राहत पुग्ने बताए।

उनले सरकारी निकाय र सामाजिक संस्थाबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्नेमा समेत जोड दिए। शिविरमार्फत मोतियाबिन्दुका बिरामीलाई नि:शुल्क शल्यक्रिया सेवा उपलब्ध गराइएको आयोजकले जनाएको छ। विशेषगरी आर्थिक रूपमा कमजोर तथा उपचारको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको शिविरबाट स्थानीयवासीले सहज रूपमा विशेषज्ञ आँखा उपचार सेवा प्राप्त गरेका छन्। आयोजक संस्थाहरूका अनुसार यस्ता स्वास्थ्य सेवा कार्यक्रमले समयमै उपचार नपाउँदा दृष्टि गुमाउने जोखिममा रहेका नागरिकलाई ठूलो राहत पुर्याएको छ। आगामी दिनमा पनि ग्रामीण तथा दुर्गम क्षेत्रमा नि:शुल्क आँखा उपचार तथा शल्यक्रिया शिविरलाई निरन्तरता दिइने प्रतिबद्धता आयोजकले व्यक्त गरेका छन्।

# गौर कारागारबाट फरार भएका एक कैदी पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**गौर, ९ श्रावण**




गत भदौमा भएको 'जेनजी' आन्दोलनका क्रममा गौर कारागारबाट फरार भएका एक कैदीलाई रौतहट प्रहरीले पक्राउ गरेको छ। जबरजस्ती करणीपछि हत्या गरेको अभियोगमा २० वर्ष कैद सजाय भुक्तान गरिरहेका रौतहटका एक व्यक्तिलाई फरार भएको करिब १० महिनापछि प्रहरीले नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा रौतहटको कटहरिया नगरपालिका-७ निवासी ३० वर्षीय प्रभु माझी रहेका छन्। उनी जबरजस्ती करणी तथा कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतबाट २० वर्ष कैद सजाय पाएपछि गौर कारागारमा कैद भुक्तान गरिरहेका थिए।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार गत भदौ २४ गते 'जेनजी' आन्दोलनका क्रममा कारागारबाट फरार भएका माझी गाउँघरमै लुकीछिपी बसेको भन्ने गोप्य सूचनाका आधारमा खोजी अभियान सञ्चालन गरिएको थियो। जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय शिवनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले कटहरिया नगरपालिका-७ बगही क्षेत्रमा खोजतलास गर्ने क्रममा उनलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त गौतमले पक्राउ परेका माझीलाई बाँकी कैद सजाय भुक्तानका लागि गौर कारागार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए। प्रहरीका अनुसार माझीले वि.सं. २०६८ फागुन २५ गते साँझ रौतहटको कटहरिया नगरपालिका-७ स्थित एक पोखरीको डिलमा पाँच वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा दोषी ठहर भएका थिए।

उक्त घटनामा सर्वोच्च अदालतले उनलाई २० वर्ष कैद सजाय सुनाएको थियो। प्रहरीले फरार कैदीको खोजी अभियानलाई निरन्तरता दिँदै कानुनी कारबाहीबाट उम्किन खोज्ने व्यक्तिलाई नियन्त्रणमा लिन थप निगरानी र अनुसन्धान जारी राखेको जनाएको छ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कक्रोचको यात्रा : अनलाइन ठट्टाबाट सुरु भएको अभियानले सरकारलाई घुँडा टेकायो




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ श्रावण**

भारतका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा गरेका छन् । चिकित्सा शास्त्रको योग्यता तथा प्रवेश परीक्षा (नीट) को प्रश्नपत्र चुहावट भएपछि उनी विवादमा तानिएका थिए । भारतमा युवाहरुले यसको नैतिक जिम्मेवारी लिदैं प्रधानले राजीनामा दिनुपर्ने माग राखेका थिए ।

तर प्रधान र प्रधानमन्त्री नरेन्द्र मोदी दुबैले यस मागलाई बेवास्ता गरे । सामाजिक सञ्जाल र अनलाइनमै सिमित रहेको उक्त आक्रोशले सामुहिक रुप लिएर अन्ततः सरकारलाई नै घुँडा टेकाइदिएको छ । यो सबै आन्दोलनको नेतृत्व कक्रोच जनता पार्टी (सीजेपी) ले गरेको छ ।

सीजेपीको स्थापना गएको मे महिनामा ३० वर्षीय अभिजीत दीपकेले गरेका हुन् । हालसालै अमेरिकाको विश्वविद्यालयबाट स्नातक गरेका दीपके भारतको सर्वोच्च अदालतमा भएको एक सुनुवाइका क्रममा भारतका प्रधान न्यायाधीश सूर्यकान्तले देशका बेरोजगार युवाहरूलाई 'परजीवी' र 'साङ्लो' भनी तुलना गरेको सुनेर अत्यन्तै आक्रोशित भएका थिए । उनले सामाजिक सञ्जालमा लेखेका थिए, 'यो देशका लाखौं साङ्लाहरु एक भए भने के होला ?' उनको उक्त पोस्ट इन्स्टाग्राममा भाइरल भएको थियो । त्यसपछि उनले सामाजिक सञ्जालमार्फत कक्रोज जनता पार्टी (सीजेपी) स्थापना भएको घोषणा गरे ।


कक्रोचको यात्रा : अनलाइन ठट्टाबाट सुरु भएको अभियानले सरकारलाई घुँडा टेकायो- भारतीय जनता पार्टी ( बीजेपी) लाई व्यङ्ग्य गर्नेगरी पार्टीलाई सीजेपी नाम दिइएको थियो । अनलाईनमार्फत यसको सदस्यता लिन सकिने भन्दै अनलाईन लिंक पनि सामाजिक सञ्जालका पोस्टहरुमा राखिएको थियो । छोटो समयमै यसलाई भारतमा ठूलो संख्यामा युवाहरुले फलो गर्न थाले ।

स्थापना भएको दुई हप्ताभित्रै सीजेपी को इन्स्टाग्राम पेजमा २ करोड २० लाखभन्दा बढी फलोअर्स पुगे, जसले सत्तारूढ बीजेपीलाई समेत पछि छाड्यो । आलोचना सहन नसक्ने मोदी सरकारले राष्ट्रिय सुरक्षाको कारण देखाउँदै सीजेपीका सामाजिक सञ्जाल एकाउन्टहरु प्रतिबन्धित गर्ने प्रयास गरे पनि त्यो सफल हुन सकेन ।

# अपूर्वाको खुलासा : कठिन समयमा सूफीले बचाएका थिए ज्यान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ श्रावण**





कन्टेन्ट क्रिएटर अपूर्वा मखिजा उर्फ 'द रेबेल किड' यतिबेला नेटफ्लिक्सको रियालिटी शो 'लक अप: सच या सजा'मा छिन् । 'लक अप २' मा अपूर्वाको प्रवेशपछि दर्शकले सूफी मोतीवालासँगको उनको भेट रोमाञ्चक हुने अपेक्षा गरेका थिए ।

दुई कन्टेन्ट क्रिएटरबसच लामो समयदेखि तिक्तता चलिरहेको थियो, तर शोमा प्रवेश गर्नेबित्तिकै अपूर्वाले सबैलाई आश्चर्यमा पार्ने खुलासा गरेकी छन् । सूफीसँगको विवाद बाहिर छताछुल्ल भए पनि जीवनको सबैभन्दा कठिन मोडमा उनले नै साथ दिएको अपूर्वाले बताएकी छन् । अपूर्वाका अनुसार 'इन्डियाज गट लेटन्ट' विवादपछि उनी मानसिक रूपमा पूर्ण रूपमा विक्षिप्त भएकी थिइन् । उनले सूफीसँग भनिन्, 'मैले तिमीलाई धेरै सम्झिएँ ।

जब कसैले मलाई म कसरी तिम्रो साथी थिएँ भनेर सोध्छ र तिम्राबारे नराम्रा कुरा गर्छ, तब म सधैँ एउटै कुरा भन्छु, यदि त्यो समयमा सूफी मेरो साथमा नभएको भए सायद म आफ्नो ज्यान नै लिन्थेँ ।' अपूर्वाको कुरा सुनेर सूफीले उनलाई त्यस्तो नभन्न सल्लाह दिए। अपूर्वासँगको मित्रता आफ्नो जीवनका सबैभन्दा राम्रा दिनमध्ये एक रहेको सूफीले बताए ।

मुम्बईमा पहिलोपटक आफ्नो कोही नजिकको साथी र बलियो सामाजिक दायरा छ भन्ने महसुस अपूर्वाकै कारण भएको उनले स्वीकार गरे। मित्रता टुटेपछि आफूले पनि अपूर्वालाई धेरै सम्झिएको उनले बताए ।

त्यस कठिन समयमा सूफी मात्र यस्ता साथी थिए, जसले कुनै सर्तविना आफ्नो साथ दिएको अपूर्वाले थप खुलाइन् । उनले भनिन्, 'म त्यो स्थितिबाट एक्लै कहिल्यै बाहिर आउन सक्दिनथेँ। तिमीले मेरो ज्यान बचायौ। यदि तिमी मेरो साथमा नभएको भए म 'लेटन्ट' विवादबाट उम्कनै सक्दिनथेँ ।' यसअघि अपूर्वा र सूफी करण जोहरको शो 'द ट्रेटर्स'मा सँगै देखिएका थिए । उक्त शोपछि दुवैको सम्बन्ध बिग्रिएको थियो ।

सूफीले सोसल मिडियामा लामो पोस्ट लेख्दै आफूले लोकप्रियता कमाउन कहिल्यै अपूर्वाको प्रयोग नगरेको स्पष्टीकरण दिएका थिए। आफूमाथि भएको व्यवहारका कारण नै मित्रता अन्त्य गर्ने निर्णय लिएको उनले बताएका थिए ।












# पूर्वी क्षितिजदेखि मिथिलाको हृदयसम्म (नियात्रा)



-तोमनाथ उप्रेती

-पसिना बगाइरहेको किसान, रूखको छहारीमा विश्राम गरिरहेको वृद्ध, आँगनमा खेलिरहेको बालक र खुला आकाशमा स्वतन्त्र उडिरहेको चरा–यी सबै मिलेर प्रकृतिको पूर्ण चित्र बन्छन् ।

र त्यो चित्र हेर्दै गर्दा मनमा एउटा शान्त अनुभूति जाग्यो, प्रकृति कहिल्यै आफ्नो सौन्दर्य देखाउन आतुर हुँदैन। ऊ त केवल आफ्नै लयमा बाँचिरहन्छ। त्यसलाई देख्न सक्ने आँखाको जन्म भएपछि मात्र यात्रा साँच्चिकै सुन्दर बन्छ ।

गाडी धिमे गतिमा अघि बढ्दै गयो। सडकको दुवैतिर फैलिएको मधेश आफ्नो पुरानै सरलतामा मुस्कुराइरहेको थियो। यहाँ पहाडको जस्तो उचाइ थिएन, तर क्षितिजको अथाह विस्तार थियो। मानिसले कहिलेकाहीँ उचाइभन्दा विस्तारबाट धेरै सिक्छ। पहाडले माथि हेर्न सिकाउँछ भने समथर भूमिले टाढासम्म हेर्न सिकाउँछ ।

त्यही क्षण मलाई लाग्यो सभ्यता किन प्रायः नदीका किनारमा जन्मिन्छ ? सायद नदीले मानिसलाई खेती मात्र सिकाएन। उसले सहअस्तित्व पनि सिकायो। उसले निरन्तर परिवर्तनको व्याकरण पनि पढायो। र सबैभन्दा ठूलो कुरा, उसले रोकिएर बाँच्नु मृत्यु हो भन्ने दर्शन पनि दियो।

मौन हुँदै मैले आफ्नो यात्राको सुरुआत सम्झिएँ। बिहान विराटनगर छोड्दा मनमा केवल एउटा गन्तव्य थियो–जनकपुर पुग्ने। तर अहिले गन्तव्यको अर्थ फेरिएको थियो। म केवल एउटा शहरतर्फ गइरहेको थिइनँ। म एउटा सभ्यता, एउटा मिथक, एउटा दर्शन र एउटा आत्मिक भूगोलतर्फ आकर्षित भइरहेको थिएँ । सडकले विस्तारै लहानतिरको भूगोललाई छोइरहेको थियो। कतै साना बजारहरू देखिन्थे। मोटरसाइकल मर्मत गर्ने पसल, चियाको सुगन्ध फैलाइरहेका होटलहरू, विद्यालयबाट फर्किरहेका बालबालिका, खेतबाट घर फर्किरहेका किसान। यी सबै दृश्य सामान्य थिए। तर यात्रामा सामान्य भन्ने केही हुँदैन। यात्राले हेर्ने आँखाले सामान्यलाई पनि असाधारण बनाइदिन्छ ।

मैले फेरि सोचें–

किन कुनै ठाउँ सुन्दर लाग्छ ?

के त्यहाँ अग्ला भवन भएकाले ?

कि चम्किला सडक भएकाले ?

सायद होइन ।

कुनै ठाउँ त्यतिबेला सुन्दर बन्छ, जब त्यहाँका मानिसहरूको श्रम, स्मृति र सपनाले माटोलाई अर्थ दिएका हुन्छन्। सभ्यता सिमेन्टले बन्दैन। सभ्यता सम्बन्धले बन्छ। संस्कृति भवनमा बस्दैन। संस्कृति मानिसको व्यवहारमा बस्छ। यात्रा अब केवल दूरीको हिसाबमा अघि बढिरहेको थिएन। प्रत्येक किलोमिटरले एउटा नयाँ विचार जन्माइरहेको थियो। म महसुस गर्दै थिएँ–बाहिरको भूगोल र भित्रको भूगोल एउटै गतिमा परिवर्तन भइरहेका छन् ।

अचानक सडकको छेउमा एउटा पुरानो बरको रुख देखियो। त्यसको छहारीमा केही वृद्धहरू गफ गरिरहेका थिए। एकछिनका लागि मलाई लाग्यो, समय आफैँ त्यहाँ विश्राम गरिरहेको छ। संसार जति नै डिजिटल किन नहोस्, मानिसको आत्मा अझै पनि रूखको छहारी खोज्छ। मोबाइलले सूचना दिन सक्छ, तर शीतलता दिन सक्दैन। गाडी अगाडि बढिरह्यो ।

क्षितिजमा सूर्य विस्तारै माथि उक्लँदै थियो । उसको प्रकाशले खेतहरूमा सुनको जलप लगाइरहेको थियो। त्यो दृश्य हेर्दा मनमा अर्को विचार आयो–सूर्य कहिल्यै कुनै एउटा गाउँका लागि मात्र उदाउँदैन। उसको उज्यालो सबैका लागि समान हुन्छ । प्रकृतिले कहिल्यै विभेद गर्दिन। विभाजन त मानिसको मनले निर्माण गर्छ ।

त्यसैले सायद यात्रा आवश्यक छ। यात्राले मानिसलाई अर्को भाषा मात्र होइन, अर्को दृष्टि पनि दिन्छ। अर्को संस्कृति मात्र होइन, अर्को करुणा पनि दिन्छ ।

अर्को ठाउँ मात्र होइन, अर्को स्वयं पनि भेटाइदिन्छ । र मैले महसुस गरें जनकपुर अझै केही घण्टा टाढा थियो। तर मिथिलाको आत्मा भने विस्तारै मेरो चेतनामा प्रवेश गरिसकेको थियो । सडकमा म यात्रु थिएँ, तर भित्रभित्रै म एउटा पुरानो सभ्यताको विद्यार्थी बन्दै गइरहेको थिएँ ।

# सत्ता, सत्य र नैतिक वैधता

*-आतिश तिवारी*

प्राचीन ग्रीकका दार्शनिक प्लेटोलेआफ्नो प्रसिद्ध कृति “द रिपब्लिक” मा लेखेका छन्, “जबसम्म दार्शनिकहरू सत्तामा आउदैनन वा सत्तामा बस्नेहरू दर्शन प्रेमी बन्दैनन्, तबसम्म राज्यका दुःखहरूको अन्त्य सम्भव छैन।” प्लेटोको यो भनाइ शासन प्रणालीको मात्र चर्चा नभएर सत्ता र सत्यबीचको सम्बन्धबारे गहिरो दार्शनिक टिप्पणी पनि हो। उनको दृष्टिमा राजनीति केवल शक्ति प्राप्त गर्ने कला होइन, सत्य र न्यायको खोज गर्ने माध्यम हो ।

तर इतिहासको कालखण्डमा जाने हो भने राजनीति सत्यको खोजभन्दा सत्ताको संरक्षणतर्फ बढी उन्मुख रहँदै आएको छ। मानव सभ्यताको राजनीतिक इतिहासलाई नियाल्दा एउटा स्थायी तनाव देखिन्छ, सत्ता र सत्यबीचको तनाव। सत्ता भनेको निर्णय गर्ने, शासन गर्ने र समाजलाई निर्देशित गर्ने क्षमता हो भने सत्य भनेको यथार्थ, तथ्य र नैतिक इमानदारीप्रतिको प्रतिबद्धता हो। आदर्श राजनीतिक व्यवस्थामा सत्ता सत्यको मार्गदर्शनमा चल्नुपर्छ । तर व्यवहारमा सत्यलाई सत्ताको आवश्यकता अनुसार व्याख्या, वा नियन्त्रण गर्ने प्रयास गरिएको पाइन्छ ।

अरस्तुले राजनीतिलाई “सार्वजनिक कल्याण प्राप्त गर्ने कला” भनेका थिए । उनका अनुसार राज्यको उद्देश्य केवल व्यवस्था कायम राख्नु होइन, नागरिकलाई राम्रो जीवन जिउन सक्षम बनाउनु हो । यसअर्थमा राजनीति नैतिक परियोजना हो । तर आधुनिक राजनीतिक यथार्थमा शक्ति र नैतिकताको सम्बन्ध सधैं सहज देखिँदैन । यही कारणले इटालीका राजनीतिक चिन्तक निकोलो म्याकियाभेलीले राजनीतिलाई नैतिकताबाट अलग गरेर हेर्ने प्रयास गरे ।

“द प्रिन्स” नामक किताबमा उनले शासकको पहिलो कर्तव्य सत्ता जोगाउनु हो भन्ने तर्क प्रस्तुत गरेका छन्। “जनताले परिणाम हेर्छन्, प्रक्रिया हेर्दैनन्,” भन्ने उनको दृष्टिकोणले आधुनिक राजनीतिक यथार्थको आधार निर्माण गर्‍यो । म्याकियाभेली र प्लेटोका विचारबीचको भिन्नता वास्तवमा सत्ता र सत्यको राजनीतिबीचको भिन्नता हो । प्लेटोका लागि सत्य राजनीतिभन्दा माथि थियो तर म्याकियाभेलीका लागि राजनीति सत्यभन्दा बिल्कुलै अलग क्षेत्र थियो । आधुनिक विश्वकाधेरै राजनीतिक संकटहरू यही द्वन्द्वको परिणामका रूपमा बुझ्न सकिन्छ। बीसौं शताब्दीले सत्ता र सत्यबीचको सम्बन्धलाई झन् गम्भीर रूपमा उजागर गर्‍यो। नाजी जर्मनीका प्रचारमन्त्री जोसेफ गोएबेल्सको एउटा प्रसिद्ध भनाइ छ, “एउटा झूटलाई बारम्बार दोहोर्‍याइयो भने त्यो सत्यजस्तै देखिन थाल्छ।”

यसले आधुनिक प्रचार राजनीतिको मनोविज्ञानलाई प्रस्ट पार्छ । जब राजनीतिक शक्ति सूचना नियन्त्रण गर्न सक्षम हुन्छ, तब सत्यलाई प्रतिस्थापन गर्ने प्रयास सम्भव हुन्छ । जर्मन–अमेरिकी राजनीतिक दार्शनिक हाना आरेन्टले आफ्नो निबन्ध त्वगतज बलम एयष्तिअक मा लेखेकी छन्, “सत्यको सबैभन्दा ठूलो शत्रु झूट होइन, सत्यप्रतिको

क्रमशः

# रक्त अभाव न्यूनीकरणको लागि................

अतिथि सभामुख रामआशिष यादवले रक्तदान लाई मानव जीवन बचाउने सबैभन्दा ठूलो सामाजिक अभियानका रूपमा व्याख्या गर्दै स्वस्थ नागरिकलाई नियमित रूपमा रक्तदान गर्न आग्रह गरे। उनले भने, “रक्तदानभन्दा ठूलो मानव सेवा अर्को हुन सक्दैन। हाम्रो सानो प्रयासले कसैको अमूल्य जीवन बच्न सक्छ। समाजमा रक्तदानको संस्कार विकास गर्नु आजको आवश्यकता हो।” उनले यस्ता सेवामूलक अभियान सञ्चालन गरेकोमा आयोजक संस्थाको प्रशंसा गर्दै प्रदेश सरकारले पनि मानवीय सेवासम्बन्धी अभियानलाई सदैव सकारात्मक सहयोग गर्ने बताए ।

विशिष्ट अतिथि डा. महारुद्र ठाकुरले अस्पतालहरूमा रगतको माग निरन्तर बढिरहेको उल्लेख गर्दै समयमै रगत उपलब्ध नहुँदा बिरामीले ज्यान गुमाउनुपर्ने अवस्था आउन सक्ने बताए। उनले रक्तदान पूर्ण रूपमा सुरक्षित, वैज्ञानिक र स्वास्थ्यका दृष्टिले पनि लाभदायी रहेको उल्लेख गर्दै भ्रम त्यागेर सबैलाई नियमित रक्तदान गर्न आग्रह गरे। कार्यक्रमका वक्ताहरूले प्रदेशमा बढ्दो रगत अभावप्रति चिन्ता व्यक्त गर्दै रक्तदानलाई सामाजिक उत्तरदायित्व, मानवीय सेवा र जीवन बचाउने महान् कार्यका रूपमा व्याख्या गरे। उनीहरूले युवाहरूलाई नियमित रक्तदान अभियानमा सक्रिय सहभागिता जनाउन आह्वान गरे। अध्यक्ष दिपक श्रेष्ठ मण्डलले “मानव सेवा नै साँचो धर्म हो” भन्ने मूल भावनाअनुसार आगामी दिनमा पनि रक्तदान, स्वास्थ्य सेवा तथा अन्य जनकल्याणकारी कार्यक्रमलाई निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले रगतको अभावका कारण कुनै पनि बिरामीले उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अभियानलाई अझ प्रभावकारी बनाइने बताए ।

शिविरबाट संकलित रगत प्रदेशका विभिन्न अस्पतालमा उपचाररत बिरामीहरूको आवश्यकताअनुसार उपलब्ध गराइने आयोजकले जनाएको छ। साथै, श्री हरि मानव कल्याण मञ्चले आगामी दिनमा पनि यस्ता मानवीय तथा सामाजिक सेवामूलक कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday